लेखापरीक्षण प्रतिवेदन

सिद्धार्थनगर नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सिद्धार्थनगर नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/685

श्रीमान् नगरप्रमुखज्यू,
सिद्धार्थनगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, रुपन्देही।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/685

श्री नगरप्रमुख ज्यू,
सिद्धार्थनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको रु.२ अर्ब ५८ करोड १८ लाख ३ हजारको लेखापरीक्षण गरिएकोमा रु.२ करोड ६६ लाख ५५ हजार (१.०३ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२४ हजार प्रतिकृयाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.५७ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६० लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१४ लाख ५५ हजार र पेश्की बाँकि रु.३३ लाख ८६ हजार रहेको छ। गत वर्षसम्मको रु.८९ करोड ९४ लाख ४२ हजार बेरुजु मध्ये यस वर्ष रु.१५ करोड ५३ लाख ५० हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.७४ करोड ४० लाख ९२ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.७७ करोड ७ लाख २३ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७,

महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सिद्धार्थनगर नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सिद्धार्थनगर नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५३	२६७	२,६६,५५,००७	०	२	२३,८८४	०	५३	२६५	२,६६,३१,१२३	५७,२१,२८६	१,६०,६८,७३८	१४,५४,५८९	०	०	१,७५,२३,३२७	३३,८६,५१०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	८९,९४,४२,०००	०	१५,५३,४९,७७१	७४,४०,९२,२२९	०	२,६६,३१,१२३	७७,०७,२३,३५२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रतिकृयाबाट सम्परीक्षण				
१	२०८१/८२	४२	स्वीकृत खर्च कार्यक्रम विपरितको भुक्तानी :	९,८५०
२	२०८१/८२	५२	अग्रीम कर सम्बन्धमा:	१४,०३४
जम्मा				**२३,८८४**
गत वर्ष सम्मको सम्परीक्षण				
३	२०८०/८१	७९	वेलहिया गेट निर्माण	१,१९,१२३
४	२०८०/८१	५४	विज्ञापन	५,६४७
५	२०८०/८१	५७	बैठक भत्ता	१५,३००

६	२०८०/८१	२४	पेश्की बाँकी	१,४६,१६०
७	२०८०/८१	७४	पुर्वनिर्धारित क्षतिपुर्ति	७,२६,७०७
८	२०८०/८१	६४	नन् फाइलर - कर समायोजन	४,३४,१६१
९	२०८०/८१	३२	नगद राजश्व दाखिला नभएको	१९,६३,०३६
१०	२०८०/८१	६१	कम्प्युटर तालिम	९९,१९५
११	२०८०/८१	३०	आय ठेक्कामा मूल्य अभिवृद्धि कर	१०,७५,७५०
१२	२०८०/८१	६२	अधुरो ठेक्का	१,५७,९१,०७९
१३	२०७५/७६	४०	पेश्की फर्स्यौट	१,३७,००,०००
१४	२०७४/७५	३१	पेश्की फर्स्यौट	१२,१२,४९,७२९.६४
जम्मा				**१५,५३,२५,८८७.६४**
कुल जम्मा				**१५,५३,४९,७७१.६४**

सिद्धार्थनगर नगरपालिका

सिद्धार्थनगर नगरपालिका, रुपन्देही

(८०५४८४०४३००)

सिद्धार्थनगर नगरपालिका , रुपन्देही

परिचय

१ **परिचय :**

(क) कार्यालय परिचय :- गौतम बुद्ध जन्म स्थल लुम्बिनीको प्रवेशद्वार र रुपन्देही जिल्लाको प्रशासनिक केन्द्रको रुपमा रहेको सिद्धार्थनगर नगरपालिका लुम्बिनी प्रदेश स्थित रुपन्देही जिल्लाको दक्षिण भेगमा अवस्थित रहेको छ। यस नगरपालिकामा नेपालको दोश्रो अन्तराष्ट्रिय विमानस्थल "गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल" अवस्थित छ। भौगोलिक अवस्थितिको सन्दर्भमा यो नगरपालिका ८३°२६' पूर्वी देशान्तर र २७°३१' उत्तर अक्षांशमा अवस्थित छ । कुल क्षेत्रफल ३६.०३ वर्ग कि.मी. ओगटेको यस नगरपालिका समुद्र सतहबाट ११० मिटरको उचाईमा रहेको छ भने नगरपालिकामा उष्णप्रदेशीय हावापानी पाइन्छ।अधिकतम तापक्रमः ४५.२० डिग्री सेल्सियस र न्यूनतम तापक्रम २.४० डिग्री सेल्सियस सम्म पुगेको देखिन्छ भने औसत वर्षाः १४३६.५ मि.मि. सम्म भएको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।७।२७ देखि २०८२।९।२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- यस वर्ष यस पालिकाको आय र व्यय गरी कुल रू.२ अर्व ५८ करोड १८ लाख ३ हजार ४१९ रुपैया र ९५ पैसाको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५३९४६२७.२६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	अवकास पश्चात बढी भुक्तानी	७२८०४
२	प्राविधिक धार (कक्षा ९-१२) प्रति विद्यार्थी शिक्षण सिकाई सामाग्री बढी भुक्तानी	१५०००
३	शैक्षिक अवलोकन भ्रमणको भ्रमण खर्च , प्रस्तावना लेखन र प्रतिवेदन लेखनको भुक्तानी	१०२००
४	शैक्षिक अवलोकन भ्रमणको भ्रमण खर्च भुक्तानी	८४००
५	दोहोरो भ्रमण खर्च खर्च भुक्तानी	२४३११
६	प्रदेश समपुरक अनुदान फिर्ता बैक दाखिला	८५५०५१
७	सङ्घीय शसर्त अनुदान फिर्ता बैक दाखिला	१२१५११०३
८	मू अ कर संघीय सञ्चीत कोषमा दाखिला बसपार्कको	५७२१६२
९	मू अ कर कवाडी संघीय सञ्चित कोषमा दाखिला	९६२७९.२६
१०	जिन्सी निरीक्षण भत्ता न्यायीक समिति बैठक भत्ता र प्रस्तावना खर्च भुक्तानी दाखिला	७४८००
११	अग्रीम आयकर दाखिला	२६६००१
१२	ग्रेड बढी भूक्तानी दाखिला	१३१०४
१३	बढी भुक्तानी दाखिला	८५०
१४	भ्रमण	६९२२५

२ **एकीकृत आर्थिक विवरण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

आयतर्फ				व्ययत		
सि.नं.	विवरण	रकम	रकम	सि.नं.	विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१३०८१७४५५.७०	१	**चालु खर्च**	५४८५९१२
	क) सञ्चित कोष	७७११९६९२.७२		२	**पुँजीगत खर्च**	३३२४५९६
	ख) धरौटी	४७४८४३२४.०४		३	**वित्तीय व्यवस्था भुक्तानी**	
	ग) कर्मचारी कल्याण कोष	३२१३२९.८२			क) ऋण भुक्तानी	
	घ) अन्तर स्था.तह बारुण यन्त्र कोष	७५८५१४.००			ख) ब्याज भुक्तानी	
	ङ) प्रकोप व्यवस्थापन कोष	५१३३५९५.१२				
२	**राजस्व**		२००२४१०९८.१०	४	**लगानी**	
	क. आन्तरिक राजस्व	२००२४१०९८.१०			क) ऋण लगानी	
					ख) शेयर लगानी	
३	**संघीय सरकारबाट प्राप्त अनुदान**		५७१५५७०६१.६२	५	**धरौटी फिर्ता**	१५९८०७५
	क) वित्तिय समानीकरण अनुदान	१६७७३७२८०.००		६	**विविध खर्च खाताबाट खर्च**	१०८६२२१
	ख) सशर्त अनुदान	२७८७०२२४०.००		७	**विभिन्न कोष खर्च**	
	ग) समपूरक अनुदान	१५०००००.००			क) कर्मचारी कल्याण कोष	३७०९५३०
	घ) विशेष अनुदान	१०५२५६६१.००			ख) अक्षय कोष	०.००
	ङ) राजस्व वाडँफाड संघ	९९५९१८८०.६२			ग) सहकारी प्रवर्द्धन कोष	३६०२३.००
४	**स्थानीय राजस्व बाँडफाँड**	५६६४४४५५.५०	५६६४४४५५.५०			

५	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		४१५२२०११.९८		घ) अन्तर स्था. तह बारुण यन्त्र कोष	१९०००००.
	क) वित्तिय समानीकरण अनुदान	१३०९२०००.००			ङ) प्रकोप व्यवस्थापन कोष	१४३३४६४.
	ख) सशर्त अनुदान	७७१३२६९.००		८	**अन्तर सरकारी अख्तियारी(संघ)**	
	ग) समपूरक अनुदान	६५१७०४५.००			क) सामाजिक सुरक्षा तथा संरक्षण	२११०३१२
	घ) विशेष अनुदान	१९९१३५०.००			ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३२७९१०
	ङ) राजस्व वाडँफाड प्रदेश	१२२०८३४७.९८			ग) स्थानीय पुर्वाधार विकास कार्यक्रम	२५०००००
६	**अन्तर सरकारी अख्तियारी(संघ)**	०.००	२३६८१०३८८.१४	९	**संघीय अनुदान फिर्ता**	
	क) सामाजिक सुरक्षा तथा संरक्षण	२११०३१२८८.१४			क) सशर्त अनुदान	२४१७८१५
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२३२७९१००.००			ख) विशेष अनुदान	१०२४.००
	ग) स्थानीय पुर्वाधार विकास कार्यक्रम	२५००००००.००			ग)समपुरक अनुदान	१८५००.००
७	**अन्य आय (विविध खर्च खाता)**		१०८७९२१३९.२५	१०	**प्रदेश अनुदान फिर्ता**	
	क) क्षेत्रीय शहरी विकास योजना	९३१८४३३२.३४			क) सशर्त अनुदान	८५८७३९.०
	ख) सि.न.पा साझेदारी	११००१३०७.०८			ख) विशेष अनुदान	३९५७२.००
	ग) अन्य	४००००००.००				

	स्थानीय तह					
	घ) पि एल जि एस पि	४३६४९९.८३		**११**	**अन्य**	७५०.००
	ङ) खर्च खातामा अन्य आय	१७००००.००		**१२**	**अन्तिम मौज्दात**	
८	**विभिन्न कोष तर्फको आय**		३९५०१२४५.५७		क) सञ्चित कोष मौज्दात	४०९३६६७
	क) कर्मचारी कल्याण कोष	३६८०००००.००			ख) धरौट मौज्दात	५०२१२८६
	ख) अक्षय कोष	३२५०००.००			ग)विविध खर्च खाता मौज्दात	१७००००.०
	ग) सहकारी प्रवर्द्धन कोष	३६१२४५.५७			घ) कर्मचारी कल्याण कोष	२६०२७.८२
	घ) अन्तर स्था. तह बारुण यन्त्र कोष	१९०००००.००			ङ) अक्षय कोष	३२५०००.०
	ङ) प्रकोप व्यवस्थापन कोष	११५०००.००			च) सहकारी प्रवर्द्धन कोष	३२५२२२.५
९	**धरौटी आय**	१८७०९३०१.८८	१८७०९३०१.८८		छ) अन्तर स्था. तह बारुण यन्त्र कोष	७५८५१४.०
					ज) प्रकोप व्यवस्थापन कोष	३८१५१३१.
जम्मा		**१४०४५९५१५७.७४**	**१४०४५९५१५७.७४**	**जम्मा**		**१४०४५९५**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण एवं विश्लेषण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पछिल्लो पटक संशोधन सहितको मिति २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

३.१ **वित्तीय विवरणको यथार्थता:**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२१,१०,३१,२८८.१४, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.२,३२,७९,१००, स्थानीय पूर्वधार विकास कार्यक्रममा रु.२५,००,००० गरी रु.२३,६८,१०,३८८.१४ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा(म.ले.प.फा.नं २७०) सबै कारोबारहरु नसमेटिदा उक्त वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं २७०-२ अनुसूचीमा संलग्न रहेको छ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ फरक हिसाब:

पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.५,००,०००.००, यस वर्षको प्राप्तिमा रू.३७,१६,०३,३५३.२५, यस वर्षको भुक्तानी रू.४२,६९,७४,८१६.४१ र बैंक मौज्दातमा रु.९,०४,०८५.५ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१३०३१७४५५.७०	८४३९६३८०१.३४	८८,१०,५०,९०१.५०	९,५६,६५,३५४.३३
एकीकृतआर्थिक विवरणअनुसार	१३०८१७४५५.७०	१२१५५६७१५४.५९	१३०८०२५७१७.९१	९६५६९४३९.८३
फरक	५०००००.००	३७१६०३३५३.२५	४२६९७४८१६.४१	९०४०८५.५

३.३ बैक हिसाब मिलान:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी
१	सञ्चित कोष	**४०९३६६७८.०६**	**४०९३६६७८.०६**
२	चालु खाता	७५०	०
३	पूँजीगत खाता	०	०
४	मर्मत खाता	०	०
५	कल्याण कोष तथा विविध कोष खाता	१४३४७६४.३९	१४३४७६४.३९
६	प्रकोप व्यवस्थापन कोष खाता	३८१५१३१.१२	३८१५१३१.१२
७	विविध खर्च खाता	१७००००	१७००००
८	नगर सरसफाई कोष खाता	०	०
९	धरौटी खाता	५०२१२८६६.२६	५०२१२८६६.२६
जम्मा		**९६५७०१८९.८३**	**९६५६९४३९.८३**

माथि उल्लेखित तालिका अनुसार २०८२ असार मसान्तको श्रेस्ता अनुसार रु.९६५७०१८९.८३ र बैक स्टेटमेन्ट अनुसार रु.९६५६९४३९.८३ देखएकोले फरक परेको रु.७५०।- के कारणबाट फरक परेको हो एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

४ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली निर्माण गरेको पाइएन। पालिलकाले आन्तरिक नियन्त्रण प्रणाली बनाई आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनु पर्छ। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहाय बमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) बमोजिम सार्वजनिक खरिद नियमावली निर्माण गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरू योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• राजस्व सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको जिन्सी खाता PAMS अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,

• लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा प्रतिवेदन दिने गरेको पाइएन,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

५ **आन्तरिक लेखापरीक्षण सम्बन्धमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको विचार गरी प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाको मिति २०८१/८/११ मा आन्तरिक लेखापरीक्षकलाई आन्तरिक लेखापरीक्षण शाखाको अतिरिक्त वातावरण सरसफाई शाखाको जिम्मेवारी समेत दिएको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा अन्तर्गत कर्मचारी कार्यरत भए पनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।

६ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र

पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/गराउनु पर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/गराउनु पर्दछ।

८ **बजेट पेश, पारित र अख्तियारी:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप-प्रमुखले मिति २०८१/०३/०९ गते रु.१,०४,२५,५४,०००/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१/०३/११ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१/०४/०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

९ **बजेट विनियोजन/खर्च:**

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

					रु.हजारमा
विनियोजन			**खर्च**		
कुल बजेट	**चालु बजेट**	**पूँजीगत बजेट**	**कूल खर्च**	**चालु खर्च**	**पूँजीगत खर्च**
१०४२५५४	६३३६४९	४०८९०५	८८१०५१	५४८५९१	३३२४६०

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.१ अर्ब ४ करोड २५ लाख ५४ हजार बजेट विनियोजित भएको मध्ये चालु खर्च रु.५४ करोड ८५ लाख ९१ हजार र पूँजीगत खर्च रु.३३ करोड २४ लाख ६० हजार गरी कुल खर्च रु.८८ करोड १० लाख ५१ हजार अर्थात चालु तर्फ ६२.२७ प्रतिशत र पूँजीगत तर्फ ३७.७३ प्रतिशत खर्च भएको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

१० **त्रैमासिक पूँजीगत खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुलखर्च	प्रथम	दोस्रो	तेस्रो	चौथो	असार
१	सङ्घीय पूँजीगत	३९५४९	०	१२०८९	१७८१८	९६४२	१०६०
२	प्रदेश पूँजीगत	१४८६१	०	०	६८०८	८०५३	६५४९
३	गाउँपालिका पूँजीगत	२७८०५०	२१२३१	४२२९३	५६५३०	१५७९९६	१०२७७८
कुल खर्च		**३३२४६०**	**२१२३१**	**५४३८२**	**८११५६**	**१७५६९१**	**११०३८७**
खर्चप्रतिशत			**६.३८**	**१६.३६**	**२४.४१**	**५२.८५**	**३३.२०**

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रू.३३ करोड २४ लाख ६० हजार निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू.२ करोड १२ लाख ३१ हजार(६.३८ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.५ करोड ४३ लाख ८२ हजार(१६.३६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.८ करोड ११ लाख ५६ हजार(२४.४१ प्रतिशत) र चौथो त्रैमासिकमा रू.१७ करोड ५६ लाख ९१ हजार(५२.८५ प्रतिशत) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रू.११ करोड ३ लाख ८७ हजार(३३.२० प्रतिशत) खर्च भएको देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहेको पुष्टी गर्दछ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वयन गरिनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

११ अनुदान फिर्ता :

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

(रु.हजारमा)

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम
सङ्घीय सरकार	शसर्त अनुदान	२७८७०२	२५४५२३	२४१७९
	विषेश अनुदान	१०५२५	१०५२४	१
	समपुरक अनुदान	१५०००	१४९८२	१८
जम्मा		**३०४२२७**	**२८००२९**	**२४१९८**
प्रदेश सरकार	शसर्त अनुदान	७७१३	६८५५	८५८
	विषेश अनुदान	१९९१	१९५१	४०
	समपुरक अनुदान	६५१७	६५१७	०
जम्मा		**१६२२१**	**१५३२३**	**८९८**
कुल जम्मा		**३२०४४८**	**२९५३५२**	**२५०९६**

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.३० करोड ४२ लाख २७ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.२८ करोड २८ हजार बजेट खर्च भई बाँकी रू.२ करोड ४१ लाख ९८ हजार मिति २०८१।३।२६ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश

सरकारबाट रू.१ करोड ६२ लाख २१ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.१ करोड ५३ लाख २३ हजार खर्च भई बाँकी रकम रू.८ लाख ९८ हजार मिति २०८१।३।३२ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको देखिन्छ।

१२ खर्च विश्लेषण :

यस पालिकामा यस वर्ष कूल आन्तरिक आय वापत रु.२०,०२,४१,०९८.१०, राजश्व वाँडफाँडबाट रु.१६,८४,४४,६८४.१० र अन्य आय तर्फ रु.८४,६८,८१,३७२.३९ समेत रू.१२१५५६७१५४.५९ आम्दानी भएकोमा चालु तर्फ रु.५४ करोड ८५ लाख ९१ हजार र पूँजीगत तर्फ रु.३३ करोड २४ लाख ६० हजार गरी कूल रु.८८ करोड १० लाख ५१ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक स्रोतको अंश २२.७२ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा, पदाधिकारी बैठक भत्ता, पदाधिकारी अन्य सुविधा तथा पदाधिकारी अन्य भत्ता तर्फ कुल रु.१ करोड ७९ लाख ५० हजार खर्च भएको छ, जुन आन्तरिक आयको ८.९६ प्रतिशत(पदाधिकारी सुविधामा) खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१३ क्षेत्रगत बजेट र खर्च :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समन्यायिक र दिगो विकासको क्षेत्रगत सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	१४७९००००	१२०५९४२५.३०	१.३७
२	पूर्वाधार विकास	३७९४८४८६०	३०७९५४८१३.८०	३४.९५
३	सामाजिक विकास	३३३८९६१५०	३०२६१५२४५.२५	३४.३५
४	बातावरण तथा विकास	०	०	०
५	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१३९९२०००	१०४३७०७५	१.१८
६	कार्यालय संचालन तथा प्रशासनिक	३००३९०९९०	२४७९८४८०७.१५	२८.१५
जम्मा		**१०४२५५४०००**	**८८१०५१३६६.५०**	

उपर्युक्त विवरण अनुसार पालिकाको सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ३४.२५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात १.१८ प्रतिशत खर्च गरेको छ भने वातावरण र विकास क्षेत्रमा बजेट विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१४ वार्षिक खरिद योजना/गुरू योजना:

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरू योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट पूँजीगत खर्च/खरिद वा निर्माण कार्य गर्दा खरिद गुरू योजना बनाएको पाइएन।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१६ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्धकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्धकालिन विषयलाई भन्दा सालबसाली विषयलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१७ **योजना छनौट र कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

क्र.सं.	विवरण	योजनासंख्या	रकम
१	रु.१ लाखभन्दा कमको योजना	१३६	४५८८०००
२	रू.१ लाख देखि रू.३ लाखसम्मका योजना	३१५	५४९०००००
३	रू.३ लाख देखि माथि रू.५ लाखसम्मका योजना	१२७	५६२२२८६०
४	रु.५ लाखदेखि माथि रू.१० लाखसम्मका योजना	१३९	११४२१५११४०
५	रू.१० लाख देखि माथि रू.२० लाखसम्मका योजना	७८	१२०३८८०००
६	रू.२० लाख भन्दा माथिका योजना	५६	६९२२४००००
जम्मा		**८५१**	**१०४२५५४०००**

उपर्युक्त विवरणअनुसार पालिकाले १ लाख भन्दा कमका योजना १३६, १ लाख देखि ३ लाखसम्मका ३१५, ३ लाख देखि ५ लाखसम्मका १२७, ५ लाख देखि १० लाखसम्मका १३९, १० लाख देखि २० लाखसम्मका ७८ र रु.२० लाख भन्दा माथिका ५६ गरी कुल जम्मा ८५१ योजनामा बजेट विनियोजन गरेको देखिन्छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर एवं योजनाबद्ध विकासमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान रहने, जनताको जीवनस्तर र रोजगारी बढाउने, दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्दछ।

१८ ठेक्का अभिलेखः

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन भने ठेक्का प्रक्रियाबाट कार्य गराइएकोमा ठेक्का बील पेश गरेको देखिन्छ। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ पूँजीगत खर्चको विस्तृत विवरणः

यस पालिकाकोको यस वर्षको पूँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :

					(रु. हजारमा)
क्र.सं.	**उपशीर्षकको नाम**	**खर्च शीर्षक नम्बर**	**खरिद विधि**	**संख्या**	**खर्च रकम**
१	पूँजीगत	३११११, ३१११२ लगायत	खुला बोलपत्र	५५	१९९७१२
२			सिलबन्दी दरभाउपत्र	७१	८९७१४
३			सोझै	५६	३९२५४
४			अमानत	४२	३७८०
५			उपभोक्ता समिति वा लाभग्राही समुदाय	०	०
६			गैर सरकारी संस्था	०	०
७			कन्टीन्जेन्सी	०	०
जम्मा				**२२४**	**३३२४६०**

माथि उल्लेखित विवरण अनुसार खुला बोलपत्रको मध्यमबाट ५५ वटामा १९ करोड ९७ लाख १२ हजार, सिलबन्दी दरभाउ पत्रबाट ७१ वटामा रु०८ करोड ९७ लाख १४ हजार, सोझै खरिदको माध्यमबाट ५६ वटामा रु०३ करोड ९२ लाख ५४ हजार र अमानतबाट ४२ वटामा रु०३७ लाख ८० हजार गरी कुल रु०३३ करोड २४ लाख ६० हजारको खरिद गरेको छ।

२० ठेक्का बन्दोवस्त :

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

										(रु. हजारमा)
कार्यक्रम/शीर्षक	**खरिद सम्झौता**								**यस वर्ष सम्पन्न योजना**	
	कुल जम्मा योजना		**प्रथम चौमासिक**		**दोस्रो चौमासिक**		**तेस्रो चौमासिक**			
	संख्या	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**	**संख्या**	**रकम**
बोलपत्रबाट	८३	२५३७४४	८	३९३५६	५१	१६३०१४	२४	५१३७४	६०	२०८०६५

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले कुल ८३ योजनाको लागि रू.२५ करोड ३७ लाख ४४ हजार लागतको ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु.३ करोड ९३ लाख ५६ हजारको ठेक्का व्यवस्थापन, दोश्रो चौमासिकमा रू.१६ करोड ३० लाख १४ हजारको ठेक्का व्यवस्थापन भएको र तेस्रो चौमासिकमा रू.५ करोड १३ लाख ७४ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत ८३ वटा योजनाहरू रु.२५ करोड ३७ लाख ४४ हजारको सम्झौता भएकोमा रू.२० करोड ८० लाख ६५

हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा ६० वटा योजनामात्र सम्पन्न भई २३ बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

२१ **ठेक्का प्रतिस्पर्धाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छन। यस्ता योजना लागत अनुमान भन्दा ०.५१ देखि ३६.४१ प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

क्र.स.	योजनाको नाम	प्रतिस्पर्धी गर्ने सं.	लागत अनुमान	कबोल अंक	घटी प्रतिशत	ठेक्का परेको बोलपत्रदाता
१	अधुरो तेक्वान्दो भवनमा थप पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्य, वडा न ३	३	३७५८६४१.१२	२७९५६४४.८५	२५.६२	एस.डि.एम. कन्स्ट्रक्सन प्रा.लि.
२	राधा कृष्ण पथ सडक निर्माण तथा स्तरोन्नती र अन्नपुर्णपथको अधुरो सडक तथा सिर्जना स्कुल जाने सडक पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्य	२	३४२४३९२.९४	२३९०३०९.४२	३०.२०	वैष्णवी निर्माण सेवा
३	अधुरो मेडिकल कलेजको उत्तर तर्फ सुक्र पथ जोड्ने सडक निर्माण कार्य र बुद्ध शान्ति पथ बाटो निर्माण	७	३४२४५७६.१२	२२४५३०७.२२	३४.४४	वैष्णवी निर्माण सेवा
४	नवडीहवा सडक देखि उत्तर कबिर्स्थान जाने सडक र नवडीहवा मस्जिद अधुरो पुर्वाधार निर्माण तथा स्तरोन्नती कार्य	३	२४९९६१९.५०	१६२१७४६.४०	३५.१२	श्रीराम निर्माण सेवा प्रा.लि.
५	भुजौलि स्थित छठ घाटमा भौतिक पूर्वाधार निर्माण र भुजौली स्थित रहेको हनुमान तथा शिव मन्दिर क्षेत्रको किनार बाट बग्ने झरन खोलामा छटघाट बनाउनको लागि	३	३२७१३३८.७३	२०८०२६६.६७	३६.४१	ओम साई कन्स्ट्रक्सन
६	इन्द्र पथ ट्रक व्यवसाय, गौतम मार्ग जाने अधुरो नाला तथा सडक निर्माण तथा स्तरोन्नती कार्य, अधुरो एम डी पथमा नाला तथा सडक निर्माण तथा स्तरोन्नती र बैंक कोलिनी (चकलेट फ्याक्ट्री) नाला निर्माण	७	३३७५९३५.९७	२१८६३००.७६	३५.२४	सितला निर्माण सेवा प्रा. लि.
७	अधुरो ४ कोठे भवन भैरहवा नमुना मा.बि. भवन निर्माण तथा स्तरोन्नती र भैरहवा नमुना उच्च मा.वि. मा चारकाठे भवन निर्माण कार्यका लागि	७	३९१५२१६.७४	२५६४४४४.५२	३४.५०	वैष्णवी निर्माण सेवा
८	वडा नं. १० मा दोगहरी पश्चिम टोलमा बासुदेव मुरावको घरदेखि दक्षिण एयरपोर्टले बनाएको पेरिमिटर सडकको दक्षिण तर्फ निर्माणाधीन नाला पूर्वाधार निर्माण कार्य	४	२४३६३०५.६९	१५८९९६७.१९	३४.७४	ओम साई कन्स्ट्रक्सन
९	वडा नं. ३ मा वडा कार्यालय ३ मार्ग सडक निर्माण तथा स्तरोन्नती कार्य र वडा कार्यालय दक्षिण अजित मल्लको घर पछाडि नाला समेत ग्रेभलिंग वडा कार्यालय ३ मार्ग सडक निर्माण तथा स्तरोन्नती	४	२९३३४६३.१६	१९४७२४१.५१	३३.६२	विशाल निर्माण सेवा
१०	मुक्तिधाम घाटमा पुर्वाधार निर्माण तथा स्तारोन्नती कार्य	३	२४४६८०६.२७	१६०९११७.८८	३४.२४	मनिस निर्माण सेवा
११	वडा नं. ९मा दर्शन पथ र उत्तर तर्फ विजय चौधरीको घरसम्म अधुरो नाला तथा सडक निर्माणऽ दुर्गा मन्दिर ज्ञवाली समाजको मन्दिर जाने सडक निर्माण, डाडागाउँ अम्बर बहादुर गुरुंगको घरदेखि उत्तर तर्फ बाट पश्चिम तर्फ हुँदै दक्षिण तर्फ जाने बाटो नाला तथा ग्रेभल	५	२९३४६४०.५०	१९२२८४८.२०	३४.४८	बेलाल निर्माण सेवा
१२	वडा नं. ९ मा चक्रपथ जनस्वास्थ्यबाट पश्चिम जाने सडक निर्माण तथा स्तरोन्नती कार्य, बृहस्पति पथ सडक तथा नाला	५	३९१४१६०.७३	२५२४३४३.८०	३५.५१	बेलाल निर्माण सेवा

	निर्माण तथा स्तरोन्नती कार्य र बृहस्पति चक्रपथ अधुरो सडक तथा नाला निर्माण तथा स्तरोन्नती कार्य					
१३	वडा नं. ३ मा चाणक्य पथ पूर्व तर्फ भित्री बाटो प्रेम थापाको घर सम्म नाला ग्रेभलिंग र महामाया पथ पश्चिम तर्फ मन्जु त्रिपाठीको घर हुँदै उत्तर तर्फ पक्की नाला तथा ग्रेभलिंग	४	२८५५४८१.८२	१९३०७३२.६५	३२.३९	मोहम्मद गाजी निर्माण सेवा
१४	वडा न. ९ मा मिश्रौलियामा निर्माणाधीन अधुरो ज्येष्ठ नागरिक आश्रय भवन पूर्वाधार निर्माण कार्य, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. ९ माण्डव्य सेवाश्रम बृद्धाश्रम निर्माण	४	७५३५१७५.८३	५०३३०८८.१०	३३.२१	सितला निर्माण सेवा प्रा. लि.
१५	वडा नं. २ स्थित मेउडीहवा आधारभूत विद्यालयदेखि फुलपुर जाने सडकसम्म नाला तथा सडक निर्माण कार्य	२	३९१४८२९.२८	३८९४८७५.१७	०.५१	रोजर निर्माण सेवा
१६	वडा नं. ११ मा छाडा पशु चौपाया व्यवस्थापनका लागि कान्जी हाउस निर्माण, शब दाह स्थल निर्माण र पार्क निर्माण, संघ तथा प्रदेश सरकार तथा अन्य म्याचिंग फण्ड	५	२५४६७९०२.३०	१७४६९८८४.२७	३१.४०	के.ए.पी.- बि.के. जे.भी.
१७	वडा नं. ९ मा कठौतिया पथ एवम् कालीमाई पथ हुँदै कल्याणपथ सम्म सडक स्तरोन्नती	४	५८७२६७१.६५	४२५२८७८.७३	२७.५८	प्रितम विल्डर्स
१८	वडा नं. १२ मा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयको बैठक कक्ष निर्माण	२	६७१००७२.१७	५९९२९८०.६८	१०.६९	जे.एम. निर्माण सेवा
१९	वडा नं. ८ स्थित रविपथ र वडा नं. १२ स्थित रुद्रपथ लगायतका अन्य सडक मर्मत संभार गर्ने कार्य	१	२५१४४७४.१७	२४९२६८६.७४	०.८७	अमृत कन्स्ट्रक्सन

यसरी लागत अनुमानको तुलनामा ०.५१ देखि ३६.४१ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

२२ **पालिकाको प्रशासकीय भवन सम्बन्धमा**

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैँया भन्दा बढी लागत अनुमान भएका निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले पालिकाको प्रशासकीय भवन निर्माण गर्न निर्माण व्यवसायी स्काई/रामसागर जे.भी. सँग मिति २०८०/६/१७ मा कार्य सम्पन्न गर्ने गरी २०७८/३/२४ मा रु. १८,३७,४९,५३७।५१ सम्झौता गरी निर्माण कार्य गर्दा १२ औँ रनिङ्ग बीलसम्म रु. २१,४५,५२,०८२।१९ खर्च भएको छ भने २०८२ भाद्र मसान्त म्याद थप भएको छ।

ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने व्यवस्था रहेको छ। सोही नियमावलीको उप नियम (३) मा मूल्य समायोजनको अधिकतम रकम शुरु सम्झौताको २५ प्रतिशत भन्दा बढी हुने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले प्रशासकीय भवन निर्माणमा १२ औँ रनिङ्ग बीलसम्म कूल सम्झौता रकम मू.अ. कर बाहेक रु. १५,३९,५५,१७३।४८ को १४.८६ प्रतिशत रु.२,२८,७७,७३८।७८ मू.अ. कर बाहेक मूल्य समायोजन भै भुक्तानी भएको छ। तोकिएको समयमा कार्य सम्पन्न नगर्ने मूल्य समायोजन गर्दै जाँदा निर्माण कार्यको लागत बढ्न जाने हुन्छ। त्यसकारण तोकिएको समयमा नै निर्माण कार्य सक्ने गरी कार्य योजना तयार गरी कार्य गरिनु पर्दछ।

ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिमको प्रक्रिया पूरा गरी भरिएशन आदेश जारी गर्न सकिने व्यवस्था रहेको छ। ऐनको दफा (च) मा सार्वजनिक निकायको हकमा पन्ध्र प्रतिशत देखि माथिको भेरिएशन सो

निकायको सर्वोच्च कार्यकारी निकायले थप गर्न सकिने व्यवस्था बमोजिम सो निर्माण कार्यमा कुल सम्झौताको २१.४३ प्रतिशत अर्थात रु. ४,०४,१४,०३४।२३ नगर कार्यपालिकाको मिति २०८१/५/२० को निर्णयबाट भेरिएशन आदेश स्वीकृत भएको छ। यसरी भेरिएशन आदेश जारी गर्दा १८ वटा नयाँ आइटम थप गरी Supplying and laying of parking tile कामको लागि मात्र रु. ७९,०३,३४८।६८, Providing and fixing Structural Gezing of Aluminium को रु. ५५,४३,७४२।४६ जस्ता ठूला आइटमहरूको New Item थप गरी नयाँ आइटमहरुको मात्र मू.अ. कर बाहेक रु. २,१९,४८,४५७।२० थप गरेको छ। यसरी भेरिएशन आदेश जारी गर्दा स्वीकृत बजेट तथा कार्यक्रम समावेश गरी मात्र भेरिएशन आदेश जारी गरिनु पर्दछ।

२३ **टुक्रा पारी खरिद सम्बन्धमा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ। सोही ऐनको नियमावली, २०६४ को नियम ८७ (क) मा खरिद सम्बन्धी अन्य व्यवस्था बमोजिम दातृ पक्षको खरिद निर्देशिकामा उल्लेख नभएका कुराहरुको हकमा र यस नियमावली बमोजिम हुने भन्ने प्रावधान प्रयोग गरी सोझै खरिद विधिबाट New Interactive computer बाट निम्नानुसारका सामान सोझै खरिद गरेको देखिएकाले खरिद नियमावलीको नियम पालना भएको देखिएन रु.

सामानको नाम	सङ्ख्या	दर	मू.अ. कर सहित भुक्तानी
डेल ल्यापटप	५	२२३३००	१२६१६४५
ल्यापटप	२	३०५६००	६९०६५६
जम्मा			**१९५२३०१**

अनियमित भएको	१९,५२,३०१

२४ **ढिला काम गरेको सम्बन्धमा:**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

२४.१ क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायीको कारणले तोकिएको समयमा काम हुन नसक्ने भएमा सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लगाउन पर्ने व्यवस्था रहेको छ। कार्यालयले विद्युतीय सामाग्री खरिद गर्नका लागि पारागन इन्टरनेशनलसँग मू.अ.कर समेत रु. ३१,५०,६५४ को एक महिना भित्र सामान आपूर्ति गर्ने गरी मिति २०८१/९/५ मा सम्झौता भई निजलाई कार्यादेश दिएकोमा निजले रु. २२,१५,०३६ सामानको भुक्तानी भौ.नं. ५७ मिति २०८१/१०/२८ मा कार्यालयमा उपलब्ध गराएता पनि अन्य सामानहरू मिति २०८२/३/१८ मा मात्र कार्यालयमा उपलब्ध गराएकोले सम्झौतामा तोकिए बमोजिम ३० दिन भित्र पुरै सामान उपलब्ध गराएको देखिएन। सम्झौताको जि.सि.सि. २६.१ मा तोकिएको समयमा कार्य नभएमा ०.०५ प्रतिशत क्षतिपूर्ति लगाउने गरी सम्झौता भएको र सम्झौता भन्दा १९१ दिन ढिला गरी सामान उपलब्ध गराएकाले सम्झौता बमोजिम मू.अ. कर बाहेकको रकममा ढिला दाखिला भएको ३२०५३८।११पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु. ३२०५३८।११

असुल गर्नुपर्ने	३,२०,५३८.११

२४.२ ख) भौ.नं. ७३३ मिति २०८२/१/२४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, निर्माण व्यवसायीको कारणले तोकिएको समयमा काम हुन नसक्ने भएमा सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति लगाउन पर्ने पर्ने व्यवस्था रहेको छ। कार्यालयले कार्यालयको लागि स्टेशनरी सामान खरिद गर्नका लागि ३० दिन भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८१/९/४ मा ग्रिन लिफ प्राइभेट प्रा.लि. सँग रु. १८,७२,७७७।२५ सम्झौता भई कार्यादेश

दिइएकोमा तोकिएको समयमा सामान उपलब्ध नगराएकाले कार्यालयले मिति २०८१/१२/५ मा निज प्रा.लि.लाई स्टेशनरी सामान उपलब्ध गराउन पत्र पठाएकोमा निजले सम्झौता बमोजिमको सामान कार्यालयमा २०८२/१/१२ मा मात्र उपलब्ध गराएकाले सम्झौताको जि.सि.सि. २६.१ मा तोकिएको समयमा सामान उपलब्ध नगराएमा ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउन सकिने व्यवस्था बमोजिम ७१ दिन ढिला गरेकाले मू.अ. कर बाहेकको रकम १६,५७,३२५ को ०.०५ प्रतिशतले हुन आउने ५८,८३५ पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५८,८३५

२५ **पूर्वाधार संरचनाको उपयोग**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने उल्लेख छ। त्यस्तै उपदफा ३ मा उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर आम्दानी र रोजगारी वढ्ने योजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक कृषि बजार पूर्वाधार निर्माणको स्रोतबाट कृषि बजारलाई व्यवस्थित गर्न रु. १२ करोड ५४ लाख ६१ हजारको लागत अनुमान स्वीकृत गरी वोलपत्र द्धारा निर्माण कार्य गरी रु १२ करोड १३ लाख ३६ हजार मा २०७८।७९ मानै कार्य सम्पन्न भएको तथा पर्खाल र जमिन मिलाउने काममा रु. ३४ लाख ४८ हजार र फ्लोरिङ फिनिसिङको रु. ९८ लाख ८८ हजार समेत रु. १३ करोड ४० लाख ७२ हजारमा उक्त संरचनाहरु गत वर्ष नै २०८०।३।१५ मा सम्पन्न भएको छ। उक्त कृषि बजार पूर्वाधार परिचालन गर्न सूचना गरी बढाबढमा माग गर्दा प्रतिस्पर्धाबाट भाडामा लगाउन सकिएको देखिएन। कानुन वमोजिम योजना छनोट तथा संचालन गर्न नसक्दा निर्मित भवन उपयोग हुन सकेको देखिएन। साथै भवन पुरानो हुँदै जाने तथा मर्मत तथा सुरक्षामा समेत लागत थपिदै जाने अवस्था रहेको छ। अत: प्रयोगविहीन अवस्थामा रहेको भवनको वैकल्पिक उपयोग तथा परिचालन गर्नुगराउनु पर्दछ।

२६ **गुणस्तर व्यवस्थापन**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ। सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्ता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो। ल्यावमा दरवन्दी रहेको देखिएन। निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन। निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। सडकको फिल्ड डेन्सिटि टेष्ट, सव वेश/वेशमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन।

२७ **कोष तथा लेखा नियन्त्रक कार्यालय भवन निर्माण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३८(२) **क** मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको सभाहल निर्माण गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देही च न ३१५ मिति २०८१।९।१८ मा सिद्धार्थनगर नगरपालिकाले रू.१० लाख, तिलोत्तमा न.पा.ले रू.१० लाख, लुम्बिनी सास्कृतिक न.पा.ले १० लाख, बुटवल उ.मा.न.पा.ले रू.८ लाख, देवदह न.पा. रू.५ लाख, सियारी गा.पा.ले रू.५ लाख, मायादेवी गा.पा.ले रू.७ लाख रकमको प्रतिबद्धता जनाई सिद्धार्थनगर नगरपालिकाको विविध खातामा रू.५५ लाखको जम्मा गरी निर्माण व्यवसायि जे.एम. निर्माण सेवालाई रू.४८७०१०९ खर्च भएको मध्ये उक्त खातामा रू.५ लाख खर्च नभई बाँकि रहेको र सिद्धार्थनगर नगरपालिकाले प्रतिबद्धता जनाएको रकम मध्ये गो.भौ. २२२ मिति २०८२।३।२४ मा सो काम गर्नका लागि रु.८,७०,१०९ खर्च भएकोले सङ्घीय

सरकार अन्तर्गत रहेको कार्यालयको सभाहल निर्माण सङ्घीय सरकारले नै गर्नुपर्नेमा पालिकाबाट सहयोग लिई सभाहल निर्माण गरेको अनियमित देखिएको रु.

अनियमित भएको	८,७०,१०९

२८ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

गत वर्षबाट सरेका विवाद	यस वर्ष दर्ता भएको	जम्मा	फर्स्यौट/ कारवाही भएका विवाद	फर्स्यौट/ कारवाही हुन बाँकी विवाद
८	१५	२३	२१	२

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका ८ विवाद, यस वर्ष दर्ता भएका १५ वटा विवाद गरी २३ जम्मा विवाद मध्ये २१ विवाद उपर फर्स्यौट/ कारवाही भई २ विवाद बाँकी रहेकोले ऐनले तोके अनुसारको समयमा नै फछ्र्यौट गर्नुपर्दछ।

२९ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

सि.नं.	विवरण	संख्या
१.	नीति	०
२.	ऐन	२६
३.	नियमावली	७
४.	कार्यविधि तथा निर्देशिका	७०
	जम्मा	**१०३**

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका २६ ऐन, ७ नियमावली र ७० कार्यविधि निर्देशिका गरी जम्मा १०३ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

३० **सेवा प्रवाहको स्थिति:**

यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :

क्र.सं.	घटना दर्ता	संख्या	कैफियत
१	जन्म दर्ता	१०३७	
२	मृत्यु दर्ता	४१५	
३	सम्बन्ध विच्छेद दर्ता	८२	
४	विवाह दर्ता	५४४	
५	बसाई सरी आएका	७५८ जना	
६	बसाई सरी आएका	५०६ जना	
जम्मा		**३३४२**	

पालिकाले यस वर्ष जन्मदर्ता १०३७, मृत्यु दर्ता ४१५, सम्बन्ध बिच्छेद दर्ता ८२, बसाई सरी आइका ७५८, बसाइ सरी गएका ५०६ गरी ३३४२ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भुमिहिन दलित ३६, भुमिहिन सुकुम्बासि १२५, अव्यवस्थित बसोबासी ४२ गरी २०३ को लगत सङ्कलन गरेको छ। अत: पालिकाले प्राप्त गरेको यस निवेदनहरुको सम्बन्धमा आवश्यक ऐन, कानून नीति कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनुपर्दछ।

३१ **सहकारी नियमन सम्बन्धमा:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनुपर्दछ। पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ:

c	सहकारी संख्या	सदस्य संख्या	शेयर पुँजी	बचत	ऋण लगानी	जगेडा कोष
बचत तथा ऋण सहकारी संस्था	२०	८२८३	२०१२७७४००	६८५०७०४१५.५०	७६०१३९८७३.८८	६८४१०७३६.१०
कृषि सहकारी	६	१६७	३८७०००	८११७४.७४	०	४७२२२०.९५
बहुउदेश्यीय सहकारी संस्था	३	१०७९	४४८७६०००	६३१८०४१६	९७६६७७४४	१२३१७४७६.६८
दुग्ध सहकारी संस्था	नभएको	०	०	०	०	०
जम्मा	**२९**	**९५२९**	**२४६५४०४००**	**७४८३३२००६.२४**	**८५७८०७६१७.८८**	**८०२००४३३.७३**

३२ **सहकारी संस्थाको अनुगमन :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरी अनुगमनबाट दिएका सुझावका केही उदाहरण निम्नानुसार रहेका छन:

पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या	अनुगमन गरेका सहकारी संस्थाको संख्या	अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु	अनुगमन प्रतिवेदन उपर गरेको कारबाही
२९	२२	अधिकांश सहकारीको पर्ल्स अनुपात अनुसार लगानी हुन नसकेको	लगानी न्यून भएको पाईएकोले उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन सुझाव दिईएको।
		संस्थामा तरलता अनुपात १०-२० प्रतिशत हुनु पर्नेमा तरलता अधिक रहेको	
		कतिपय संस्थामा सदस्यको नियमित बचत नरहेको/निस्कृय सदस्यता रहेको	निश्कृय सदस्यहरुलाई सक्रिय बनाउन सूचना,सहकारी जागरण कार्यक्रम तथा समुदायमा सहकारीको चेतनामुलक कार्यक्रम संचालन गर्न सहकारी शिक्षा कोषको उपयोग गर्न सुझाव दिईएको।
		लगानीमा रहेको कर्जालाई असल,कमसल,संकास्पद र खराब गरी ४ वर्गमा वर्गीकरण गरी सोही बमोजिम कर्जा जोखिम कोष रकम व्यवस्थापन गर्नु पर्नेमा आर्थिक वर्षको अन्त्यमा मात्र कर्जाको अवस्था विश्लेषण गरी जोखिम कोष व्यवस्था गर्ने गरेको ।	प्रत्येक महिना कर्जाको विश्लेषण गरी सोही बमोजिम कर्जा जोखिम कोषमा रकम छुट्याउन निर्देशन दिईएको।

३३ **दरबन्दी र पदपूर्ति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्:

क्र.स.	स्विकृत पद	श्रेणी/तह	सेवा/ समुह/ उप समुह	स्वीकृत दरबन्दी संख्या	स्थायी पदपूर्ति	करार पदपूर्ति	रिक्त दरबन्दी	कैफियत
१	प्रमुख प्रशासकीय अधिकृत	रा.प.तृतीय	प्रशासन, सा.प्र.	१	१		०	
२	अधिकृत	१०	शिक्षा, शि.प्र.	१	१		०	
३	ईन्जिनियर	८	ईन्जिनियर/ सिभिल	१	०		१	
४	अधिकृत	८	प्रशासन, सा.प्र.	१	०		१	
५	अधिकृत	७	प्रशासन, सा.प्र.	२	२		०	
६	आलेप अधिकृत	७	लेखापरीक्षण	१	१		०	
७	लेखा अधिकृत	७/८	प्रशासन, लेखा	१	१		०	
८	ईन्जिनियर	७	ईन्जिनियर/ सिभिल	२	२		०	
९	अधिकृत	७/८	स्वास्थ्य	२	२		०	
१०	अधिकृत	७	शिक्षा, शि.प्र.	१	१		०	
११	अधिकृत	६	प्रशासन, सा.प्र.	२०	९		११	
१२	ईन्जिनियर	६	ईन्जिनियर/ सिभिल	४	२		२	
१३	कृषि विकास अधिकृत	७/८	कृषि,कृषि	१	१		०	
१४	पशु विकास अधिकृत	७/८	कृषि, भेटिनरी	१	०		१	
१५	अधिकृत क.न.ज.नं	६/७	स्वास्थ्य	१	१		०	
१६	सुचना प्रविधी अधिकृत	६	विविध	१	०	१	०	
१७	नगर प्रहरी निरीक्षक	६	प्रशासन	१	०		१	
१८	आलेप	५	प्रशासन, लेखापरीक्षण	१	०		१	
१९	सहायक	५	प्रशासन, सा.प्र.	१७	१२		५	
२०	कम्प्युटर अपरेटर	५	विविध	४	२	१	१	
२१	लेखापाल	५	प्रशासन, लेखा	१	१		०	
२२	प्राविधिक सहायक	५	शिक्षा, शि.प्र.	१	१		०	
२३	सब ईन्जिनियर	५	ईन्जिनियर/ सिभिल	५	५		०	

२४	अमिन	५	ईन्जिनियर	१	१		०	
२५	सर्वेक्षक	५/६	ईन्जिनियर	१	१		०	
२६	प्राविधिक सहायक (ना.प्र.स.)	५/६	कृषि,कृषि	१	०	०	१	
२७	प्राविधिक सहायक	४	कृषि,कृषि	१	०	०	१	
२८	प्राविधिक सहायक	५/६	कृषि,पशु	१	०	०	१	
२९	महिला विकास निरीक्षक	५/६	विविध	१	१		०	
३०	अ.हे.व.	४/५	स्वास्थ्य	१७	२	६	९	
३१	अ.न.मी.	४/५	स्वास्थ्य	९	६	२	१	
३२	नगर प्रहरी सहायक निरीक्षक	४	प्रशासन	१	०	१	१	
३३	सुवेदार	५		१	०	०	१	
३४	सहायक	४	प्रशासन, सा.प्र.	४	४	०	०	
३५	ल्याब टेक्निसियन	४	स्वास्थ्य	१	०	१	०	
३६	खा.प.स.टे.	४	ईन्जिनियर	१	०	१	०	
३७	सहायक महिला विकास निरीक्षक	४	विविध	१	१		०	
३८	सहायक लेखापाल	४	प्रशासन, लेखा	१	०		१	
३९	सहायक कम्प्युटर अपरेटर	४	विविध	१३	०		१३	
४०	अ.सबईन्जिनियर	४	ईन्जिनियर/ सिभिल	२	०	०	२	
४१	विद्युत टेक्निसियन	४	प्रशासन	२	१	०	१	
४२	जमदार (सहायक)	४	प्रशासन	१	१	०	०	
४३	विद्युत सहायक टेक्निसियन	३	प्रशासन	७	०	५	२	
४४	विद्युत हेल्पर	श्रेणीविहिन	प्रशासन	६	०	३	६	
४५	नगर प्रहरी जवान	श्रेणीविहिन	प्रशासन	२०	३	१५	२	
४६	फायरमैन	श्रेणीविहिन	प्रशासन	१३	१०	१	१	
४७	कार्यालय सहयोगी	श्रेणीविहिन	प्रशासन	४४	१८	११	११	
४८	वारुणयन्त्र चालक	श्रेणीविहिन	प्रशासन	४	२	१	१	

४९	हेवी सवारी चालक ब्रुमर	श्रेणीविहिन	प्रशासन	१	०	१	०	
५०	हेवी सवारी चालक	श्रेणीविहिन	प्रशासन	२	२	०	०	
५१	हलुका सवारी चालक	श्रेणीविहिन	प्रशासन	४	१	३	०	
५२	टेक्टर ड्राईभर	श्रेणीविहिन	प्रशासन	१२	०	७	५	
५३	नाईके	श्रेणीविहिन	प्रशासन	३	०	३	३	
५४	कुचिकार	श्रेणीविहिन	प्रशासन	१३२	१२८	२	०	कुचिकार १२६ ज्यालादारी
जम्मा				**३७५**	**२२७**	**६५**	**८७**	

३४ **करार कर्मचारी व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले रिक्त विभिन्न पदमा ४३ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. २ करोड ३३ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक कम्प्यूटर अपरेटर, अ.न.मी., अहेव, ल्याब असिस्टेन्ट समेत १२ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष तलब भत्ता बापत रु.५९ लाख ६४ हजार ३९७ भुक्तानी गरेको छ। यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	५९,६४,३९७

३५ **कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ र नियमावली, २०८१ मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सकिने व्यवस्था छैन। यस पालिकाले सभाबाट निर्णय गराई स्वीकृत सिद्धार्थ नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि, २०७९ (३.२) अनुसार कर्मचारीहरुले नियमित कार्यालय समय भन्दा अतिरिक्त समय तथा सार्वजनिक विदाको दिनमा समेत काम गरेमा, नियमित रुपमा अनुशासित भई आफुले तोकेको जिम्मेवारी पुरा गरेमा स्थायी कर्मचारीहरुलाई मासिक तलवमानको २० प्रतिशत र करारका कर्मचारीलाई दैनिक रु.१०० का दरले थप भत्ता उपलव्ध गराउने व्यवस्था गरेको छ। यस वर्ष पालिकाले प्रोत्साहान अन्य भत्तामा बजेट विनियोजन गरी स्थायी तर्फ ९८ जना कर्मचारीहरुलाई मासिक तलबको २० प्रतिशतका दरले तथा करारका ४५ जना कर्मचारीहरुलाई दैनिक रु.१०० को दरले गणना गरी कुल रु. ६१,९३,६७२ भुक्तानी गरेको छ। यस्तो भत्ता भुक्तानी गर्दा उल्लेखित शर्तहरु पुरा भएको अभिलेख प्रमाणित गरी राखेको छैन। कार्यविधिले तोकेको प्रकृया पुरा भएको अभिलेख संलग्न गरी आन्तरिक आय तथा कार्यबोझ तथा कार्य-उपलब्धी समेतलाई बिचार गरी सूचकको निर्माण वेगर खर्च गर्ने परिपाटिलाई नियन्त्रण गरिनु पर्दछ।

३६ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पुर्ण सुविधा यसै कोषवाट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने कट्टा गरी सोही वमोजिम पालिकाले समेत अवकास कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.३ करोड ७० लाख ९५ हजार खर्च गरेको छ। अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

३७ **बिलम्ब शुल्क**

लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को सि.नं. २० मा पानी, विजुली र टेलिफोन रकम भुक्तानी गर्दा अपनाउने कार्यविधि सम्बन्धी व्यवस्था छ। पालिकाले यस वर्ष खानेपानी तथा बिजुली खर्च शीर्षक अन्तर्गत नगरपालिका र सो अन्तर्गतका कार्यालयको खानेपानी, विद्युत महशुल भुक्तानी गर्दा बिलम्ब शुल्क समेत भुक्तानी गरेको देखिएकोमा समयमै शुल्क भुक्तानी गर्नुपर्ने देखिन्छ।

गो.भौ.नं.	वापत	बिलम्ब शुल्क
५८/२०८१।६।१३	खानेपानी रकम भुक्तानी	२३८५६
४४/२०८१।५।१३	विद्युत रकम भुक्तानी	२६५९३८
जम्मा		**२८९७९४**

३८ **अध्ययन अवलोकन भ्रमण:**

यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारी नेपालको विभिन्न भागमा अध्ययन अवलोकन भ्रमण गरी रु.१६,२३,३ ५१ खर्च गरेको देखिएको छ। उक्त भ्रमणबाट सिक्ने पक्ष विकास निर्माण र कृषि तथा पर्यटकीय क्षेत्रको असल अभ्यास रहेकोमा सो भ्रमण पश्चात सिकेको सिकाईलाई आधार मानि पालिकाको आगामि योजना बनाउदा अवलम्बन गर्नुपर्ने सुझाव सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको पाइएन। यस वर्ष पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण सम्बन्धि विवरण देहाय अनुसार रहेको छ:

गौ.भौ. मिति	भ्रमण गर्ने पदाधिकारी / कर्मचारी	मिति	स्थान	खर्च
३८९ २०८१/०९/१४	वडा १ सद्धाम हुसेन	२०८१/०८/२८,२९।३०	सौराहा, चितवन,	१४८९९०
८६० २०८१/०/२६	वडा २ कुन्जना थापा	२०२/०१/१४ देखि १९ सम्म	महेन्द्रनगर	२१३८१३
८६० २०८१/०/२६	वडा ३ जगदिस लाला श्रीवास्तव	२०२/०१/१४ देखि १९ सम्म	महेन्द्रनगर	१४८८७८
१०६० २०८२/०/१९	धनेश चन्द्र गुरुङ्ग वडा ४	२०८१/०९/०९ देखि १३ सम्म	बाँके,बर्दिया,कन्चनपुर	२०८७१४
१०६२ २०८२/०३/१९		२०८२/०२/०२ देखि ०५ सम्म	पाल्पा,स्याङ्जा ,गोरखा	९१,२८६
५८० २०८१/१२/०५	बिनोद कुमार कर्ण वडा ६	२०८१/११/१४ देखि १७ सम्म	मुस्ताङ्ग,पोखरा,वेनी, बाग्लुङ्ग	२५०,०००
८९७ २०८२/०३/०१	वडा ७ जितेन्द्र कु श्रेष्ठ	२०८२/०२/१६ देखि १८ सम्म	पाल्पा ,पोखरा	१५३,३२०
५९८/२०८१/१२/०८ ११४ ५/२०८२/०३/२३	वडा नं. ५ बन्दना उपाध्यय	२०८१/१२/१५-१२/१७	जनकपुरधाम	४०८३५०
जम्मा				**१६,२३,३५१**

३९ **बजेट शीर्षक सीमाभन्दा बढी खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा वा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको सुनिश्चित भएको एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाको वडा नम्बर ४ मा क्रिकेट प्रतियोगित सञ्चालनको लागि स्वीकृत बजेट रु.४ लाख बजेट सीमा स्वीकृत भएकोमा सो बजेट सीमाभित्र रहेर सो कार्यको गर्नुपर्नेमा मिति २०८१।८।१३ मा रु. ५,००,००० को लागत अनुमान स्वीकृत गरी मिति २०८१।८।१६ देखि १९ गतेसम्म उक्त कार्यक्रम सम्पन्न गरी क्रमश: गो.भौ.नं. ४४९/२०८१।१०।१० र ४९६/२०८१।११।५ बाट रु.५ लाख खर्च भुक्तानी गरेको पाइयो। उक्त खर्च विनियोजन ऐन बमोजिमको बजेट खर्च शीर्षकको सीमाभन्दा बढी खर्च गरेको देखिएकाले उक्त खर्च अनियमित देखिएको रु.

अनियमित भएको	५,००,०००

४० **बाल वीमा योजना :**

(क) पालिका र सानिमा रिलायन्स लाइफ इनसोरेन्स लिमिटेड बीच मिति २०८१।७।७ मा सम्झैता गरी बाल बीमा योजना कार्यक्रम लागु गरेको छ। पालिकाले भीम अस्पताल, युनिभर्सल इस्टिच्यूट अफ मेडिकल कलेज र निज संस्थाले रेफर गरेको र मिति २०८१।४।१ देखि जन्मिएका वाल वालिकाहरुलाई वीमा योजनामा आवद्ध गराउने गरी सम्झौता भई प्रति वालिका रु०२० हजारका दरले ९ जना वाल वालिकाको बीमा रकम वापत रु०१७६६८१ सानिमा रिलायन्स लाइफ इन्सोरेन्सलाई भुक्तानी दिएको छ।

(ख) उक्त सम्झौताको सि०नं० ८ मा बालिकाको उमेर २० वर्ष पुगेपछि अबिवाहित रहेको सम्बन्धित वडा कार्यालयको प्रमाण सहित नगरपालिकाको सिफारिसका आधारमा मात्र विमितलाई भुक्तानी गर्ने, बालिकाको उमेर २० वर्ष नपुगेमा वा बीस वर्ष अवधि नपुग्दै विवाह गरेमा उक्त बिमा योजनाबाट प्राप्त हुने व्याज तथा साँवा उपलब्ध नहुने गरी २० वर्ष दीर्घकालीन योजना संचालन गर्दा सोको निरन्तरताको कुनै ग्यारेन्टी नभएको देखिन्छ।

(ग) बिमा प्रदायक संस्थासँग यस आ.व.को लागि सानिमा रिलायन्स लाइफ इनसोरेन्स लिमिटेडसँग मिति २०८१/७/७ मा सम्झौता गरी सम्झौताको सि.नं. ७ मा प्रिमियम शुल्क भन्दा अन्य कुनै किसिमको रकम दावी गर्न पाइने छैन भनि सम्झौता गरेको छ। २० वर्ष पछि विमितले पाउने रकम कति हो वा व्याज कति प्राप्त हुने हो सम्झौतामा सो कुरा उल्लेख नगरी सम्झौता गरेको छ।

(घ) सम्झौताको सि.नं. १८ मा विमा लेख जारी गर्दा इजाजत पत्र प्राप्त अभिकर्ता उमेश यादव (विमा अभिकर्ता नं० ५०३००२२७) मार्फत गर्नुपर्ने छ भनि व्यक्ति तोकेर सम्झौता गर्नु कानून सम्मत देखिएन।

४१ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ। सोही बमोजिम यस पालिकाले यस आ.व. मा पालिका भित्रको सरसफाई सेवा शुल्क भुक्तानी, ल्याण्डफिल्ड साइट डम्पिङ्ग खर्च र सरसफाई ट्याक्टर टायर तथा नयाँ ठेला खरिद वापत रु.३,२२,६९,६४६ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

(क) ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले आवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ। पालिकाको फोहोर व्यवस्थापनमा निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रको कुनै सहभागिता रहेको पाइएन।

(ख) ऐनको दफा १८(१) मा स्थानीय तहले फोहोरमैला व्यवस्थापन गरे वापत सेवा शुल्क उठाउन सक्ने, ऐनको दफा १८(२) तथा सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन, २०७४ को दफा १६(२) मा यसरी शुल्क तोक्दा फोहोरमैलाको परिमाण, तौल तथा प्रकृती र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा स्थानीय तहले गर्ने तथा ऐन दफा १८(४) बमोजिम विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिन सक्ने भन्ने व्यवस्था छ। तर पालिकाको स्थानीय फोहोरमैला व्यवस्थापनको सेवा शुल्क घरधनीहरुबाट मात्रै संकलन गर्नेगरी शुल्क निर्धारण एवं संकलन गरिरहेकोले यस वर्ष फोहरमैला व्यवस्थापन तथा सरसफाई सेवा शुल्क वापत रु.६१,८५,९७३ आम्दानी/सेवा शुल्क संकलन गरेको छ। नगरपालिकाले "फोहोर उत्पादकले नै फोहोर व्यवस्थापनको शुल्क तिर्नुपर्ने" भन्ने अवधारणा अपनाउँन नसक्दा फोहोर व्यवस्थापन आम्दानी/सेवा शुल्कको तुलनामा फोहोर व्यवस्थापन वापत ५२१.६५ प्रतिशत सम्म बढी खर्च व्यहोर्नुपरेको छ। नगरपालिका भित्रका मुख्य फोहोर उत्पादकहरु जस्तै उद्योग तथा कारखाना, व्यापारिक पसल, होटल, रेस्टुरेन्ट र क्यान्टिनहरू, अस्पताल र स्वास्थ्य संस्था, निर्माण कार्य र ठेकेदार क्षेत्र आदिलाई फोहोर उत्पादकले नै शुल्क तिर्नुपर्ने सिद्धान्त अनुसार शुल्क निर्धारण गरी सेवा शुल्क संकलन गर्न नसक्दा पालिकाको ठुलो आम्दानी उठ्न सक्ने क्षेत्रमा ध्यान नपुगेको तथा फोहोरमैला व्यवस्थापन समेत प्रभावकारी नभएको पाइयो।

(ग) फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि स्रोतमै फोहोर वर्गीकरण गरेर जैविक र अजैविक फोहोर छुट्याउने प्रणाली अनिवार्य गरी पुन: प्रयोग र पुनर्चक्रणलाई प्रोत्साहन दिँदै स्थानीय स्तरमा रिसाइकल उद्योग स्थापना गर्नुपर्छ। फोहोर

व्यवस्थापनसम्बन्धी कानुनलाई व्यवहारिक र कडाइका साथ कार्यान्वियन गरी फोहोर खुलेआम फ्याँक्नेमा जरिवाना र सचेतना दुवै उपाय अपनाउनुपर्छ। निजी–सार्वजनिक साझेदारीको माध्यमबाट फोहोर संकलन र रिसाइकलमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्ने देखिन्छ। जैविक तथा ज्वलनशील फोहोरबाट बायोग्यास र बिजुली उत्पादन गर्ने “waste-to-energy” परियोजना सञ्चालन गर्न सकिन्छ। विद्यालयदेखि नै फोहोर व्यवस्थापन सम्बन्धी शिक्षा र जनचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ। स्मार्ट फोहोर व्यवस्थापन प्रणाली, डिजिटल प्रविधि र डेटा विश्लेषणको प्रयोग गरेर फोहोर संकलन र प्रशोधनलाई आधुनिक बनाउनु आवश्यक छ।

४२ **स्वीकृत खर्च कार्यक्रम विपरितको भुक्तानी :**

(..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **९,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४३ **अन्य निकायको खर्च :**

४१६/२०८१।९।२६ र ५३८/२०८१।११।२१ - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सिद्धार्थनगर नगरपालिका वडा नं. ७ र ९ को निर्णय तथा सिफारिस पत्र अनुसार हिमाली सामुदायिक सेवा केन्द्र बुद्धचोक, रुपन्देहीलाई उक्त संस्थाको १५औ साधारण सभा तथा ९ औ अधिवेशन खर्चको लागि क्रमश: रु.३०,०००(वडा नं. ७) र रु.३४,९५० वडा नं. ९) वडा कार्यालयले भुक्तानीको सिफारिस गरेको आधारमा गो.भौ. ४१६/२०८१/९/२६ बाट रु.३०,००० र ५३८/२०८१।११।२१ बाट रु.३४९५० उक्त हिमाली सामुदायिक सेवा केन्द्रलाई भुक्तानी गरेको पाइयो। यसरी सरकारी रकमको खर्च सरकारी काम बाहेकको अन्य निकायको साधरणसभा तथा अधिवेशन (उक्त संस्थाको आफ्नो नियमित कार्यमा) गरेकोले उक्त खर्च अनियमित देखिएको रु.

अनियमित भएको	६४,९५०

४४ **कृषि अनुदान सम्बन्धमा :**

४४४/२०८१।१०।९ नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी कृषि प्रसार कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्म्स २०७४ को खण्ड ६.१० को (क) मा कृषि औजार तथा उपकरणहरु वितरणमा सरकारले बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने व्यवस्था रहेको छ। साथै लुम्बिनी प्रदेशको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रममा कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को अनुसूची १ को क्र.सं. १५ मा साना सिँचाइ सामाग्री वितरण तथा पूर्वाधार सहयोग कार्यक्रममा मोटर, पम्पसेट, पाइप आदि वितरणको हकमा अधितम ५० प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था छ। यस वर्ष पालिकाले सिचाईको लागि डेलिभरी पाइप वितरण कार्यक्रम अन्तर्गत कृषकको लागत साझेदारी अन्तर्गतको ५० प्रतिशत लागत साझेदारी नगरी सि.न.पा. वडा नम्बर ४ को वडा समितिको मिति २०८१।७।११ को निर्णयको आधारमा ७५ प्रतिशत अनुदानमा वितरण गरेकोले २५ प्रतिशतको घटी लागत साझेदारी निम्नानुसारका व्यक्तिबाट असुल गर्नुपर्ने रू.

क्र.सं.	कृषककोनाम	ठेगाना	बुझेको परिमाणके.जी.मा	दररेट	कुल जम्मा	५० प्रतिशतयोगदान हुनुपर्ने रकम हुनुपर्ने रकम	२५ प्रतिशतयोगदान बाँकी हुनुपर्ने
१	भुमिराज प्रजापती	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२	कमलेश्वर प्रसाद कहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३	लालचन कहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
४	साममहम्मद धुनिया	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
५	जमिल अहमद तेलि	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
६	तबकल हुसेन शेख	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
७	रामनरेश बानिया	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
८	साजहा खातुन	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
९	बिन्दु प्रसाद गौड	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०	पुद्धन धोबी	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
११	दुर्गेश केवट	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१२	बिष्णु प्रसाद कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१३	रमजान अली तेलि	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१४	राजेश कहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१५	पुनम यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१६	देबेन्द्र यादव	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१७	अमिरुन निशा	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१८	रोशन बहादुर थापा	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८

१९	सुरज यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२०	राधेश्याम कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२१	श्रीराम धोबी	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२२	फुलचन्द कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२३	श्रीराम प्रसाद धोबी	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२४	उमेश यादव	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२५	मान्ती यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२६	नरेश यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२७	ढोलई अहिर	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२८	नुरजहाँ तेलि	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
२९	जोगेन्द्र बानिया	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३०	सुग्रीम यादव	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३१	जितेन्द्र यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३२	सफत मोहम्मद	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३३	सुभान अली	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
३४	रामवृक्ष धोबी	सि.न.पा ४	४०	२३५	९४००	४७००	२३५०
३५	बासुदेव केवट	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
३६	राज कुमार हरिजन	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
३७	पराग बढई	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
३८	अजिज अहमद	सि.न.पा	२०	२३५	४७००	२३५०	११७५

		४					
३९	दुरपती कोहाइन	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
४०	श्रीकान्त गिरि	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
४१	कौशिल्या गिरी	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
४२	रामदेव कहाँर	सि.न.पा ४	४०	२३५	९४००	४७००	२३५०
४३	हमिद तेलि	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
४४	राम लखन अहिर	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
४५	बन्धु बिश्वकर्मालोहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
४६	पुनम हरिजन	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
४७	इद्रिस धुनिया	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
४८	सोमन धोबी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
४९	बुनियाद अली तेली	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
५०	मोहम्मद मुस्ताफा	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
५१	खातुन निशा	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
५२	युसुफ धुणिया	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
५३	हरि प्रसाद गुरुङ्ग	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
५४	घुरहु प्रसाद यादब	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
५५	सम्झना यादब	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
५६	पारस हरिजन	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
५७	सागीर अहमद	सि.न.पा	३०	२३५	७०५०	३५२५	१७६३

		४					
५८	धानपाल यादब	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
५९	केशब बहादुर गुरुङ्ग	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६०	युबराज उपाध्याय	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६१	शिवराज उपाध्याय	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६२	हरि प्रसाद यादब	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
६३	श्रीराम यादब	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
६४	अब्दुल रसिद	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६५	हरि बहादुर के सी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६६	चेत नारायण यादव	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
६७	डाक्टर यादव	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
६८	दिनेश यादब	सि.न.पा ४	४०	२३५	९४००	४७००	२३५०
६९	मिठु कुमारी शर्मा पेल	सि.न.पा ४	४०	२३५	९४००	४७००	२३५०
७०	प्रसोद बहादुर गुरुङ्ग	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
७१	ओम बहादुर कहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
७२	तिरथि केवट	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
७३	नरेश धोबी	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
७४	राधेश्याम तेली	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
७५	चन्द्र कुमारी पौडेलक्षेत्री	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
७६	उदयराज अहिर	सि.न.पा	१०	२३५	२३५०	११७५	५८८

		४					
७७	सैनुल्लाह मुसलमान	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
७८	नजबुन निशा तेली	सि.न.पा ४	४०	२३५	९४००	४७००	२३५०
७९	हरदेब यादब	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८०	संजय दुवे	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८१	भागवान अहिर	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८२	बिद्यावती यादब	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८३	मंगरु तेली	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
८४	बिमला चौधरी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८५	लक्ष्मण मुराव	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८६	लाली अहिर	सि.न.पा ४	५०	२३५	११७५०	५८७५	२९३८
८७	रुपा देवी बि.क.	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८८	नजिर अअमद फकिर	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
८९	सम्मिद पठान	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९०	नाथु अहिर	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९१	नन्दु धोबी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९२	सब्बिर पठान	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
९३	पुल्लु धोबी	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
९४	हरि कुमार थारु	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९५	अर्जुन गुरुङ्ग	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५

९६	रामलखन कोहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९७	गोबिन्द यादव	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
९८	प्रेम कुमार कोहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
९९	बबिता पुन	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
१००	समाती कलवार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०१	अब्दुल्लाह तेलि	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
१०२	इन्सान अलि फकिर	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०३	सोवासब बि.सी.	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
१०४	गुरुचरण कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०५	किस्मती कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०६	राजदेव कोहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
१०७	गोगरा कोहार	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
१०८	हरिराम यादब	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
१०९	हुसैनी थारु	सि.न.पा ४	१०	२३५	२३५०	११७५	५८८
११०	राजनारानण मुराव	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
१११	राम हरख धोबी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
११२	देब नारायण थारु	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
११३	राम किसुन अहिर	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
११४	अकबाल खां तेली	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५

११५	लक्ष्मी देबी कोईरी	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
११६	राकेश कुमार नाउ	सि.न.पा ४	३०	२३५	७०५०	३५२५	१७६३
११७	सिताराम केवट	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
११८	सुरेश अहिर	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
११९	रामजस कोहार	सि.न.पा ४	२०	२३५	४७००	२३५०	११७५
जम्मा			**२२४०**	**२७९६५**	**५२६४००**	**२६३२००**	**१३१६३४**

असुल गर्नुपर्ने	१,३१,६३४

४५ **पाइप वितरणको भर्पाई सम्बन्धमा**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा सरकारी रकम खर्च गर्दा साधन श्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ। पालिकाले सिंचाईका लागि सविना इन्टरप्राइजेजबाट २२६० के.जी. पाइप खरिद गरेको भुक्तानी दिएकोमा २२४० के.जी. पाइप वितरण गरेको भरपाई पेश भएकोमा २० के.जी. पाइप वितरण गरेको परपाई पेश गर्नुपर्ने २०*२३५= रु. ४७००

प्रमाण पेश नगरेको	४,७००

४६ **कृषि अनुदानमा लागत सहभागिता**

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा जारी कृषि प्रसार कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्म्स २०७४/२०७५ को खण्ड ६.१० को “क” मा कृषि औजार तथा उपकरणहरु वितरणमा सरकारले बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने व्यवस्था रहेको छ। साथै लुम्बिनी प्रदेशको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को अनुसूची १ को क्र.सं. १५ मा साना सिँचाइ सामाग्री वितरण तथा पूर्वाधार सहयोग कार्यक्रममा मोटर, पम्पसेट, पाइप आदि वितरणको हकमा अधितम ५० प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था छ। यस वर्ष पालिकाले पम्पसेट वितरण कार्यक्रम अन्तर्गत कृषकको लागत साझेदारी अन्तर्गतको ५० प्रतिशत लागत साझेदारी नगरी सि.न.पा. वडा नम्बर ४ को वडा सिमितिको मिति २०८१।७।११ को निर्णयको आधारमा ७५ प्रतिशत अनुदानमा वितरण गरेकोले २५ प्रतिशतको घटी लागत साझेदारी निम्नानुसारका व्यक्तिबाट असुल गर्नुपर्ने रू.

क्र.सं.	कृषककोनाम	ठेगाना	बुझेकोपरिमाण	दररेट	५० प्रतिशतयोगदान हुनुपर्ने रकम हुनुपर्ने रकम	२५ प्रतिशत योगदानबाँकी हुनुपर्ने
१	राकेश नाउ	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२	बिद्यावतीयादव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३	रामनरेशबानिया	सि.न.पा ४	१	१५८००	७९००	३९५०
४	मंगरु तेली	सि.न.पा ४	१	१५८००	७९००	३९५०
५	शम्भु लोध	सि.न.पा ४	१	१५८००	७९००	३९५०
६	बुधई अहिर	सि.न.पा ४	१	१५८००	७९००	३९५०
७	सम्मिदपठान	सि.न.पा ४	१	१५८००	७९००	३९५०
८	दुर्गाकुमारी गुरुङ	सि.न.पा ४	१	१५८००	७९००	३९५०
९	राम हरकधोबी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१०	हरि बहादुरके.सी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
११	मङ्गरुकहार	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१२	राम भजनधोबी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१३	मिठुकुमारी शर्मा पौडेल	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१४	राजदेबकोहार	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१५	हरिरामयादव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१६	शैलेन्द्रकुमार चौधरी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१७	शिव चरणकोहार	सि.न.पा ४	१	१५८००	७९००	३९५०
१८	साविर अलीजोलहा	सि.न.पा ४	१	१५८००	७९००	३९५०

१९	माया गिरी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२०	ऐश्वर्यगिरि	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२१	चेतनारायणयादब	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२२	श्रीरामयादव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२३	गोबिन्दयादव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२४	सोमान धोबी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२५	भानमतीअहिर	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२६	ब्रम्हुयादब	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२७	अहमद हुसेनतेली	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२८	अकवाल खांतेली	सि.न.पा ४	१	१५८००	७९००	३९५०
२९	रामजसकोहार	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३०	राजनारानणमुराव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३१	अकालवुननिशा	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३२	रामलखनअहिर	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३३	ओमप्रकाशनाउ	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३४	रिता यादव	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३५	हमिद तेली	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३६	बबिता पुन	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३७	सृजनागुरुङ्ग	सि.न.पा ४	१	१५८००	७९००	३९५०
३८	लाली अहिर	सि.न.पा	१	१५८००	७९००	३९५०

		४				
३९	सईद अहमदधुनिया	सि.न.पा ४	१	१५८००	७९००	३९५०
४०	शिवनाथपाण्डे	सि.न.पा ४	१	१५८००	७९००	३९५०
४१	कुद्दुसकबिराज	सि.न.पा ४	१	१५८००	७९००	३९५०
४२	राजनृजधोबी	सि.न.पा ४	१	१५८००	७९००	३९५०
जम्मा			४२	**६६३६००**	**३३१८००**	**१६५९००**

असुल गर्नुपर्ने	१,६५,९००

४७ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्च शिर्षकबाट रु.५०,१५,०४७ खर्च गरेको छ, जुन आन्तरिक आयको २.५ प्रतिशत हुन आउँछ। जसमध्ये सभा सञ्चालन, अतिथि सत्कार, विभिन्न समितिको बैठक तथा खाजा खर्च तथा अन्य कार्यक्रममा भएको विविध खर्च लगायत रहेको छ। खर्चको स्पष्ट मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

विषय	रकम
सभा सञ्चालन भएको खर्च	१०२३६१३
अतिथि सत्कारमा भएको खर्च	३९९१४३४
जम्मा	**५०१५०४७**

४८ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले यस वर्ष मापदण्ड र कार्यविधि तयार नगरी अन्य सस्था सहायता तथा व्यक्ति सहायता, अन्य सामाजिक सहायता, अन्य सामाजिक सहायता लगायतको शीर्षकमा विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.२३ लाख ९८ हजार आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

४९ **सम्बन्धित खर्च शिर्षकमा खर्च नभएको :**

१६३/२०८२।०२।०८ शिक्षा मन्त्रालय मानव श्रोत तथा विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१। ८२ मा सशर्त अनुदानको रकम जुन कार्यक्रमका लागि तोकिआएको छ सोही कार्यक्रममा तोकिएको विधि अनुरुप खर्च गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ। नगरपालिकाले विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीका लागि छात्रवृत्ति र सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रममा विनियोजित भएको रकम सो कार्यक्रममा खर्च नगरी प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदानमा रु. १०,०२,९००।- खर्च गरेको छ। यसरी नियम विपरित खर्च गरेको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१०,०२,९००

५० **फरक खर्च शीर्षक :**

महालेख नियन्त्रक कार्यालयले प्रकाशन गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को बुँदा नं. २.२ मा तीनै तहका सरकारले चालु प्रकृतिको लागि गर्ने खर्चको खर्च संकेत तोकिएको छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत कार्यक्रम भित्र रहेको खर्च शीर्षकमा खर्च गर्न मिल्ने व्यवस्था छ। पालिकाले देहायका खर्च शीर्षकअनुसार खर्च नगरी अन्य खर्च शिर्षकमा रु.५२१००३० खर्च गरेको छ। खर्च शीर्षकको रकम हो सोही शीर्षकमा खर्च गर्नुपर्नेमा फरक शीर्षकमा खर्च गरेको अनियमित खर्च रु.

भौ. नं/ मिति	**खर्च हुनुपर्ने शीर्षक**	**खर्च भएको शीर्षक**	**रकम**
२१९। २०८२।२। २२	कक्षा ८ को परीक्षा संचालन व्यवस्थापन	नगरपालिका भित्रका विद्यालयका प्र अ बैठक र छात्रवृत्ति छनोट कार्यक्रमको पारिश्रमिक भुक्तानी	१४९५३०
२६६। २०८२।३। १४	आवश्यकता अनुसार कार्यविधि निर्माण	कक्षा थप कार्यक्रमको अनुगमन भुक्तानी	५८०००
४८७/ २०८१। ११।४	विद्युत तथा खानेपानी शुल्क	सरसफाईसेवा शुल्क	५०,०२५००
जम्मा			**५२१००३०**

अनियमित भएको	५२,१०,०३०

५१ **जिन्सी सामानको उपयोग सम्बन्धमा:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(५) मा कार्यालयले आवश्यक्ता भन्दा बढी हुने सम्पत्ति तथा जिन्सी मालसामान खरिद गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका सडकहरूमा सडक बत्ती मर्मत तथा जडानका लागि खरिद भएको रु.३१,५०,६५४ मध्ये रु.१६,९०,७६५ को जडान गरेको प्रमाण पेश भएको बाँकी १४,५९,८८९ जडान गरेको प्रमाण पेश नभएको रु.

प्रमाण पेश नगरेको	१४,४९,८८९

५२ **अग्रीम कर सम्बन्धमा:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१४,०३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **संघ संस्थालाई अनुदान :**

